# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल


प.सं.: २०७९/०८०
च.नं..:
मिति: २०७९/११/२९

फाइजर बाइभ्यालेन्ट (Pfizer Bivalent) खोप सञ्चालन सम्बन्धी सूचना !

प्रस्तुत विषयमा कोभिड-१९ विरुद्धको खोपको पहिलो पटक (ज्यान्सेन खोपको एक मात्रा र अन्य कोभिड-१९ विरुद्धको खोपको हकमा दुई मात्रा) पुरा गरी ३ महिना पुरा भए पछि १२ वर्ष उमेर माथिका सबै नागरिकलाई पहिलो बुस्टर खोप र उच्च जोखिममा हुने तोकिएका लक्षित समूहलाई पहिलो बुस्टर लगाएको ६ महिना पुरा भए पछि दोस्रो बुस्टर समेत दिने नीति रहेको अवगत नै छ । तत् सम्बन्धमा हाल प्राप्त भएको फाइजर बाइभ्यालेन्ट (Pfizer Bivalent) खैरो रंगको बिर्को भएको खोप निम्नानुसारको लक्षित समूहलाई तपिसल अनुसार मिति, स्थान र समयमा खोप सञ्चालन हुने व्यहोरा सम्बन्धित सम्पुर्ण सरोकारवालाहरुमा जानकारी गराइन्छ ।

**तपसिल:**

मिति: २०७९ चैत्र १ र २ गते

स्थान: देवघाट धर्मार्थ अस्पताल

समय: बिहान ११:०० बजे देखि दिनको ४:०० बजे सम्म

**खोप लगाउने लक्षित समूह:**

१. ५५ वर्ष उमेर माथिका पहिलो बुस्टर लिन बाँकी व्यक्तिहरुलाई पहिलो बुस्टर मात्रा ।
२. सबै स्वास्थ्यकर्मी, १२ वर्ष माथिका दिर्घ रोग भएका व्यक्तिहरु, गर्भवतीहरु र रोग प्रतिरोध क्षमता कम भएका व्यक्तिहरुलाई पनि पहिलो बुस्टर मात्रा ।
३. माथि उल्लेखित लक्षित समूहलाई यदि पहिलो बुस्टर लिएर ६ महिना पुरा भएको भए दोस्रो बुस्टर मात्रा समेत ।

प्रदिप कुमार बुढाथोकी
जन-स्वास्थ्य अधिकृत